# गैर बैकिङ्ग सम्पति गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि सम्बन्धी
# २१ (एककाइस) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१ साल साउन महिना ७ गते सोमबार)

यस विकास बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपशिल बमोजिमका गैर बैकिङ्ग सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ ।

**तपशिल**

## १. गैर बैकिङ्ग अचल सम्पत्ति

| क्र.स. | पूर्जा बमोजिमको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| १. | चितवन जिल्ला चैनपुर वडा नं. ४ | ४ख | ७३० | ३७२.४९ |
| | | | २३२ | १८११.६६ |
| २. | काठमाडौं जिल्ला खड्का भद्रकाली वडा नं. ६ | १०२०९०७१३ | ७९ | १५८.७० |
| ३. | मोरङ्ग जिल्ला लेटाङ वडा नं. ७ | ७ख | ६४७ | ३,५५५.७१ |
| ४. | सुनसरी जिल्ला खनार वडा नं. ५ | ५ख | ८२८ | ३३८.६४ |
| | | | १३२५ | १६९.३० |
| ५. | रुपन्देही जिल्ला सिद्धर्थनगर वडा नं. ३ | १०४०२३७२५ | ३४१ | ३२१.०० |
| | | | २७१ | ३१७.४५ |
| | | | २७० | १०० |
| | | | ३४० | ५४३ |
| ६. | पाल्पा जिल्ला जुठापौवा वडा नं. ९ | ९ | ३२५ | २४३६.३९ |
| | | | ११० | ६७१८.९५ |
| | | | २५६ | ५०८७.४० |
| | | | १४१ | ४४८९.२३ |
| | | | ४०० | ६६६३.३० |
| ७. | रुपन्देही जिल्ला खुदावगर वडा नं. ७ | ७क | ४९८ | १३५४.३३ |
| | | | ९५५ | २२०.१२ |
| ८. | भक्तपुर जिल्ला दधिकोट वडा नं. ४ | ४ | १७४० | १७८.८३ |
| | | | १७४१ | १५८.९५ |
| | | | १६९८ | ६७.५६ |
| | | | १६९२ | ९.९४ |
| | | | १७४४ | ८३.४६ |
| | | | १६८९ | ४१.७३ |
| | | | १७०१ | १५.९० |
| | | | १७४२ | ११७.२४ |
| | | | १७४९ | १११.२७ |
| | | | १७४८ | १४३.०६ |
| ९. | कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ७ | ०९३०९५९१२ | ४७ | १५५.४० |

## २. गैर बैकिङ्ग चल सम्पत्ति

| सवारी दर्ता नं. | मोडल | च्यासिस नम्बर | ईन्जिन नम्बर | बनेको साल | रङ्ग | किसिम |
|---|---|---|---|---|---|---|
| प्रदेश ३ ०१ ०२३ च ६३७८ | ISUZU V-CROSS 2.5 | M3GTGS86 4KB400213 | TG7063 | 2019 | Splash White | डब्लक्याब पिकअप |

**शर्त तथा बन्देहरु**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात मिति २०८१/०४/२७ गते आइतबार भित्र यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा आईपुग्ने गरि पेश गर्न सकिने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०४/२८ गते सोमबार दिउँसो १:०० बजे यस बैंकको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३, लाजिम्पाटमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा आमन्त्रित सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम सम्बन्धी कार्य हुनेछ । बोलपत्रकर्ता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६) बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको कबुल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरि पेश गर्नुपर्ने छ ।
७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा अख्तियारी निर्णय, दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
९) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस विकास बैंकमा सर्म्पक राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ ।
१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले बाँकी सम्पुर्ण रकम विकास बैंकमा बुझाई तोकिएको समय भित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्ध भई धरौटी रकम स्वत: जफत हुनेछ ।
११) धरौटी वापत दाखिल गरेको रकम उपर ब्याज पाइने छैन ।
१२) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्र दाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, लाभ कर, दै दस्तुर, कर तथा अन्य शुल्क ईत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
१३) बोलपत्र दाखिल भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
१४) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
१५) बोलपत्र सदर बदर हुनु अगावै पूर्व जग्गाधनीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी विना ब्याज धरौटी रकम फिर्ता दिईने छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"


**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np


**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**